वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमूलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईंको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

वर्ष ४५ अंक ११८ | २०८३ भदौ ११ गते विहीबार, नेपाल सम्वत् ११४६ August 27, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## नुवाकोटमा बाढीको वितण्डा

बुधबार आएको आकस्मिक बाढीपछि नुवाकोटमा त्रिशूली नदीको किनारमा थुप्रिएको माटो, ढुंगा तथा बाढीजन्य फोहोरका कारण नदी उर्लिएको छ । बाढीका कारण नदी किनारका केही घरमा क्षति पुगेको छ भने ती घरहरु जोखिमपूर्ण अवस्थामा छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले नेपाल-चीन सीमा क्षेत्रमा चट्टानसहितको हिमपहिरो गएको र त्यसका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको देखिएको प्रारम्भिक निष्कर्ष निकालेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा गएको चट्टानसहितको हिमपहिरोका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै उक्त बाढी त्रिशूली नदीमा मिसिएको प्रारम्भिक विश्लेषणबाट देखिएको जानकारी दिए। "स्याटेलाइट तस्बिरको प्रारम्भिक विश्लेषणका आधारमा रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा चट्टानसहितको हिमपहिरो गएको देखिन्छ । त्यसकै कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै त्रिशूली नदीमा प्रवेश गरेको प्रारम्भिक अध्ययनबाट देखिएको छ" कार्यकारी प्रमुख डा उप्रेतीले बताए ।

*तस्बिर : निरञ्जन श्रेष्ठ/एपी*

# नगरेको गल्तीको सजाय भोग्दै मुस्ताङवासी

**माहनसिंह लालचन**

मुस्ताङ नेपालको उच्च हिमाली तथा ट्रान्स-हिमालय क्षेत्रमा पर्ने भएकाले जलवायु परिवर्तनका प्रभावप्रति अत्यन्त संवेदनशील अवस्थाबाट गुज्रिदैछ। यहाँ तापक्रम वृद्धि, वर्षा र हिमपातको स्वरूपमा परिवर्तन, हिमनदी तथा हिउँ पग्लिने क्रम, पानीका स्रोतमा परिवर्तन र चरम मौसमी घटनाले कृषि, पशुपालन, जैविक विविधता र स्थानीय जनजीवनमा प्रभाव पारिरहेका छन्।

मुस्ताङमा जलवायु परिवर्तन केवल तापक्रम बढ्ने विषय मात्र होइन; यसले पानी, कृषि, पशुपालन, जैविक विविधता, संस्कृति, पर्यटन र स्थानीय अर्थतन्त्रलाई एकसाथ प्रभावित गरिरहेको छ। त्यसैले मुस्ताङका लागि स्थानीय ज्ञान र आधुनिक विज्ञानलाई जोडेर जलवायु उत्थानशील कृषि, पानी संरक्षण र जोखिम न्यूनीकरणमा आधारित दीर्घकालीन योजना आवश्यक छ। २०२५ को मुस्ताङ कृषि-जैविक विविधता सर्वेक्षणले पनि जलवायु परिवर्तनका कारण हिमनदी पग्लिनु, मौसमको स्वरूप परिवर्तन र हिमपातमा कमीले कृषि तथा पानीका स्रोतमा खतरा बढाएको उल्लेख गरेको छ ।

**वातावरणीय प्रभाव**

मुस्ताङमा विगतका दशकमा तापक्रम बढ्दो क्रममा रहेको अध्ययनहरूले देखाएका छन् । मुक्तिनाथ क्षेत्रमा गरिएको अध्ययनमा १९८५-२०१६ बीच अधिकतम, न्यूनतम र औसत तापक्रममा क्रमशः वृद्धि देखिएको छ । तापक्रम वृद्धिसँगै हिमपातमा कमी र हिउँ पग्लिने समयमा परिवर्तन आउँदा वातावरणीय सन्तुलन तथा जनजीवनमा प्रत्यक्ष असर देखिएको छ ।

मौसम (पुस-माघ)मा हिउँ नपर्ने बेमौसम (चैत-वैशाख)मा हिउँ पर्ने गर्दा पानीका मुहानहरू सुक्न जाने तथा जमिनमा आद्रता नहुँदा सुक्खा पहिरो जाने समस्या देखिन थालेको छ । गर्मीयाममा हिउँ पर्दा चाँडै पग्लिने भएकाले पहाडमा हिउँमा मात्रा घट्न गई कालापथ्थरमा परिणत हुने गरेको छ । जाडोमा पर्याप्त हिमपात नहुने र हिउँ पहिलेभन्दा छिटो पग्लिने प्रवृत्तिले हिमाली जलचक्रमा असर पारेको छ। यसले सिँचाइ तथा खानेपानीमा दीर्घकालीन चुनौती सिर्जना गर्न शुरू भएको छ ।

जलवायु परिवर्तनसँगै पहिरो, हिमपहिरो, चट्टान खस्ने घटना तथा अन्य चरम मौसमी जोखिम बढ्न सक्छन् । हिमनदी तथा स्थायी हिउँ पग्लिँदा हिमाली भू-भाग अस्थिर हुने सम्भावनासमेत रहन्छ । तापक्रम र पानीको उपलब्धतामा आएको परिवर्तनले वनस्पति, चरन क्षेत्र तथा वन्यजन्तुको बासस्थानमा प्रभाव पारिरहेको छ । नीलो भेडा तथा हिमचितुवाजस्ता उच्च हिमाली वन्यजन्तुको बासस्थान र आहार प्रणालीमा समेत परिवर्तनको जोखिम देखिएको छ । यसको असर कृषि, पशुपालन, संस्कृति र जैविक विविधतामा समेत परेको छ ।



**जनजीवनमा असर**

मुस्ताङको कृषि र बस्तीहरु सिँचाइका लागि स्थानीय मुहान, हिमपानी र मौसमी पानीमा निर्भर रहेका छन् । वर्षा र हिमपातको अनिश्चितताले मुहान तथा सिँचाइ प्रणालीमा पानीको उपलब्धता कम हुँदै गएको छ । पानीको मुहान सुक्न गएपछि तीन वर्षअघि लोमाङथाङको २७ घर परिवार बस्दै आएको सोमजुङ बस्ती सोसेरमा स्थानान्तरण गर्नुपरेको छ ।

तापक्रम तथा वर्षाको परिवर्तनले बाली लगाउने र भित्र्याउने समय परिवर्तन भएको छ। फापर, जौ, गहुँ, आलु, सिमी तथा फलफूलजस्ता स्थानीय उत्पादनमा मौसमको अनिश्चितताले जोखिम बढाएको छ। सन् २०००-२०१६ बीच थासाङ क्षेत्रमा कृषि भूमि प्रयोगमा उल्लेख्य कमी देखिएको एक अध्ययनले जनाएको छ। चरन क्षेत्र र घाँसको उपलब्धतामा परिवर्तन हुँदा याक, चौँरी, च्याङ्ग्रा तथा अन्य पशुपालन प्रभावित हुन सक्छ । यसले परम्परागत हिमाली जीविकोपार्जन प्रणालीमा असर पार्छ ।

बाँकी तेश्रो पेजमा

# रसुवा बाढी : तनहुँमा ९ शव भेटिए, नदी किनारमा सुरक्षा सतर्कता

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीमा परेकाको शव तनहुँमा पनि भेटिन थालेका छन् । बाढीका कारण त्रिशूली नदी हुँदै देवघाटस्थित नारायणी नदीमा बगेर आएका शवहरु भेटिन थालेका छन् । तनहुँका नदी तटीय क्षेत्रमा बुधबार साँझसम्म नौ जनाको शव फेला परेको तनहुँ प्रहरीले जनाएको छ ।

प्रहरी नायब उपरीक्षक द्वारिका प्रसाद घिमिरेका अनुसार फेला परेका शवमध्ये दुईवटा शवको टाउको र कम्मरमुनिको भाग फेला परेको छैन । प्रारम्भिक विवरणअनुसार फेला परेका शवमध्ये तीन जना पुरुष, एक बालिका र एक बालकको पहिचान खुलेको छ भने अन्य शवको पहिचान तथा लिङ्ग खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

भोटेकोशीमा आएको बाढीसँगै बगेर आएका शवहरु त्रिशूली नदी हुँदै तनहुँका नदी तटीय क्षेत्रमा भेटिन थालेका छन् । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीका अनुसार मुग्लिनभन्दा केही तल सिमलताल क्षेत्रमा एक-एक तथा देवघाट क्षेत्रमा चारवटा शव भेटिएका थिए । नदीको बहाव तीव्र रहेकाले थप शव भेटिन सक्ने सम्भावनालाई ध्यानमा राख्दै



नदी किनारमा सुरक्षा सतर्कता बढाइएको छ ।

भोटेकोशीमा आएको बाढी करिब दिउँसो १ बजेतिर मुग्लिन आसपास आइपुगेको थियो भने सवा ३ बजेतिर देवघाट क्षेत्रमा पुगेको थियो । बाढीको बहाव ठूलो भए पनि तनहुँमा तत्काल ठूलो क्षति भने नभएको प्रशासनले जनाएको छ ।

बाढीको सूचना प्राप्त भएलगत्तै

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# विपत्तिमा एकता

चीनको तिब्बती भूभागबाट सुरू भएको भोटेकोशी नदीको भीषण बाढीले नेपालका उत्तरीदेखि दक्षिणी भूभागसम्म ठूलो जनधनको क्षति पुऱ्याएको छ । रसुवाबाट प्रवेश गरेको बाढी पश्चिम नवलपरासीसम्म पुगेको घटनाले प्राकृतिक विपत्तिको भयावह रूप देखाएको छ । कैयौँ नागरिकको ज्यान गएको छ भने ठूलो संख्यामा नागरिक बेपत्ता छन् । सडक, पुल, जलविद्युत् आयोजना, घर, विद्यालयलगायतका भौतिक संरचनामा क्षति पुगेको छ । क्षतिको पूर्ण विवरण आउन बाँकी रहेकाले विपत्तिको वास्तविक आकार अझै स्पष्ट हुन सकेको छैन । यस्तो अवस्थामा सबैभन्दा पहिलो प्राथमिकता मानव जीवनको रक्षा हो । मृत्यु भएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्नु, बेपत्ताको खोजी गर्नु, घाइतेको उपचार गर्नु तथा जोखिममा रहेकालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु राज्यको तत्कालीन दायित्व हो । पीडित नागरिकले विपत्तिको समयमा सरकार आफ्ना साथमा रहेको अनुभूति गर्न सक्नुपर्छ । सरकारले प्रभावित क्षेत्रलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नु सकारात्मक कदम हो । तर घोषणा मात्र पर्याप्त हुँदैन । उद्धार, राहत, उपचार, पुनर्स्थापना र क्षतिपूर्तिका काम प्रभावकारी रूपमा अघि बढ्नुपर्छ। घरबार गुमाएका परिवारलाई तत्काल खाने, बस्ने र स्वास्थ्य सेवाको व्यवस्था गर्नुपर्छ। राहत वितरणमा कुनै प्रकारको ढिलाइ, पक्षपात वा अनियमितता हुनु हुँदैन ।

राष्ट्रिय विपत्तिको यस्तो घडीमा राजनीतिक दलहरूको भूमिका पनि महत्वपूर्ण हुन्छ । सत्ता पक्ष र प्रतिपक्षको सामान्य राजनीतिक प्रतिस्पर्धाभन्दा माथि उठेर सबै दल एक ठाउँमा उभिनुपर्छ । २०७२ सालको भूकम्पलगायतका विपत्तिमा राजनीतिक दल तथा तिनका कार्यकर्ताले उद्धार र राहतमा देखाएको सक्रियता स्मरणीय छ। यसपटक पनि दलहरूले आफ्ना लाखौँ कार्यकर्ताको शक्ति उद्धार, राहत र पुनर्स्थापनामा परिचालन गर्न सके नागरिकमा सकारात्मक सन्देश जानेछ। यस्तो बेला दलको झन्डाभन्दा देशको झन्डा ठूलो बन्नुपर्छ । स्थानीय सरकारको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । आफ्नो भूगोल, बस्ती र नागरिकको जोखिमबारे सबैभन्दा नजिकबाट जानकारी राख्ने स्थानीय तहले आपत्कालीन योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। जोखिमयुक्त क्षेत्रका नागरिकलाई समयमै सुरक्षित स्थानमा सार्ने, राहत सामग्रीको उचित व्यवस्थापन गर्ने तथा विपद्पछिको पुनर्स्थापनामा स्थानीय सरकारले नेतृत्व लिनुपर्छ। राहत वितरण पारदर्शी बनाउन एकद्वार प्रणालीलाई प्रभावकारी बनाउनु आवश्यक छ। यस घटनाले प्राकृतिक विपत्तिको कारणबारे गम्भीर वैज्ञानिक अध्ययनको आवश्यकता पनि देखाएको छ । प्रारम्भिक तथ्यअनुसार तिब्बती भूभागमा भएको ठूलो हिमपहिरोले बाढीलाई ट्रिगर गरेको हुनसक्ने देखिएको छ । तर यति ठूलो विनाश निम्त्याउने पानी, लेदो, ढुंगा र माटो नदीमा कहाँबाट र कसरी आयो भन्ने प्रश्नको वैज्ञानिक उत्तर खोज्न बाँकी छ । हिमपहिरोसँगै हिमताल विस्फोटन, नदीमा बनेको अस्थायी अवरोध र त्यसको आकस्मिक भत्काइबाट आएको बाढीको सम्भावनासमेत गम्भीर रूपमा अध्ययन गर्नुपर्छ ।

यससँगै जलवायु परिवर्तनको असरलाई पनि बेवास्ता गर्न मिल्दैन । हिमाली क्षेत्रमा तापक्रम वृद्धि, हिमनदी पग्लिने क्रम र हिमतालको आकारमा हुने परिवर्तनले भविष्यमा यस्ता जोखिम बढाउन सक्ने चिन्ता छ । नेपालका लागि जलवायु परिवर्तन अब केवल वातावरणीय विषय रहेन । यो मानव सुरक्षा, कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार र अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको राष्ट्रिय जोखिम बनिसकेको छ । यद्यपि हरेक प्राकृतिक विपत्तिको कारण जलवायु परिवर्तनलाई मात्र मान्नु उचित हुँदैन । यस घटनामा मौसम, हिमपहिरो, हिमताल, भूगोल, नदीको बहावलगायत सबै पक्षको वैज्ञानिक अध्ययन आवश्यक छ । नेपाल र चीनका सम्बन्धित वैज्ञानिक तथा प्राविधिक निकायबीच सहकार्य गरी घटनाको वास्तविक कारण पत्ता लगाउनुपर्छ । यस्तो अध्ययनबाट भविष्यमा यस्ता घटनाको पूर्वानुमान र पूर्वसूचना प्रणाली विकास गर्न सहयोग पुग्नेछ । विपत्ति आएपछि मात्र उद्धारमा जुट्ने परम्पराले अब पुग्दैन । जोखिमको पहिचान, पूर्वसूचना, सुरक्षित बस्ती विकास, विपद् अभ्यास र बलियो पूर्वाधार निर्माणमा राज्यले दीर्घकालीन लगानी गर्नुपर्छ। नदी किनार र जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती तथा संरचनाको पुनर्मूल्याङ्कन आवश्यक छ। नयाँ सडक, पुल र जलविद्युत् आयोजना निर्माण गर्दा विपद् जोखिमलाई अनिवार्य रूपमा योजनाको हिस्सा बनाउनुपर्छ।

प्राकृतिक विपत्ति रोक्न सधैँ सम्भव हुँदैन, तर त्यसबाट हुने क्षति कम गर्न सकिन्छ। त्यसका लागि सरकार, राजनीतिक दल, स्थानीय तह, सुरक्षा निकाय, सञ्चार माध्यम र नागरिक सबैको संयुक्त प्रयास आवश्यक छ। अहिलेको प्राथमिकता उद्धार र राहत हो भने त्यसपछि पुनर्स्थापना र पुनर्निर्माण । तर पुनर्निर्माण पुरानै जोखिम दोहोऱ्याउने किसिमको हुनु हुँदैन । यस विपत्तिमा ज्यान गुमाउने सबैप्रति भावपूर्ण श्रद्धाञ्जली, बेपत्ताको सकुशल खोजीको कामना र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरौँ । शोकमा रहेका परिवारसँग राज्य र समाज सँगै उभिनुपर्छ । साथै, यो विपत्तिलाई केवल दुःखद घटना मानेर बिर्सने होइन, भविष्यलाई सुरक्षित बनाउने गम्भीर चेतावनीका रूपमा लिनुपर्छ । विपत्ति आउँदा एकजुट हुनु आवश्यक छ, तर विपत्ति आउनुअघि नै तयार हुनु अझ आवश्यक छ ।

# कोप-३१ : कार्बन उत्सर्जन, जलवायु वित्त र अनुकूलनका विषय प्राथमिकतामा

◆ भीष्मराज ओझा

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रको ३१औँ सम्मेलन (कोप-३१) आगामी कात्तिक २३ देखि मंसिर ४ गतेसम्म हुँदैछ । सम्मेलनको मुख्य आयोजक राष्ट्र टर्किए रहेको छ । शिखर सम्मेलन लगायत अधिकांश महत्वपूर्ण कार्यक्रम पनि टर्किएको अन्ताल्यास्थित अन्ताल्या एक्स्पो सेन्टरमा हुनेछन् । त्यस्तै कोप-३१ को अध्यक्षता टर्किएका पर्यावरण, शहरीकरण तथा जलवायु परिवर्तन मन्त्री मुरात कुरूमले गर्नुहुनेछ ।

सहआयोजक राष्ट्र अष्ट्रेलियाले भने सम्मेलनका अन्तरसरकारी वार्ताको नेतृत्वका साथै वार्ताको अध्यक्षताको रूपमा जिम्मेवारी सम्हाल्नेछ । त्यस्तै अष्ट्रेलियाले प्रशान्त टापु राष्ट्रहरूसँगको सहकार्यमा प्रि-कोप कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नेछ । यस सम्मेलनले अघिल्ला सम्मेलनमा गरिएका प्रतिबद्धतालाई ठोस कार्यान्वयनमा रूपान्तरण गर्ने उद्देश्यले विभिन्न तीन प्रमुख विषयलाई प्राथमिकतामा राखेको छ ।



युएनएफसिसिसीको सचिवालयका अनुसार सम्मेलनमा कार्बन न्यूनीकरणका लक्ष्य र कार्यान्वयनका लागि पेरिस सम्झौताअन्तर्गत थप सुदृढ बनाइएका राष्ट्रिय निर्धारित योगदान (एनडिसिज) को प्रगति समीक्षा गरिनेछ ।

त्यस्तै, जलवायु वित्तअन्तर्गत कोप-२९ मा तय गरिएको विकासशील देशका लागि नयाँ सामूहिक परिमाणात्मक वित्तीय लक्ष्य कार्यान्वयन गरिने विषयलाई पनि सम्मेलनमा प्राथमिकतामा राखिएको छ । कोप-३१ मा अनुकूलन तथा उत्थानशीलता अन्तर्गत जलवायुजन्य जोखिमको सामना गरिरहेका मुलुक तथा समुदायको उत्थानशीलता सुदृढ गर्ने तेस्रो प्राथमिकताको विषय हो ।

### उत्सर्जन न्यूनीकरण र हिमालका मुद्दा उठाउन सुझाव

जलवायुबाट बढी प्रभावित नेपालजस्ता मुलुकले सम्मेलनमा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका प्रतिबद्धता कार्यान्वयन, हानि नोक्सानीसम्बन्धी कोषलाई सहज पहुँचयोग्य बनाउनुपर्नेलगायत विषय उठाउनुपर्ने विज्ञहरूको जोड छ ।

जलवायु विज्ञ डा विमल रेग्मीले पर्वतीय मुद्दाका साथै जलवायु वित्तको प्रभावकारी वितरण, वित्तीय स्रोतको पहुँच तथा विकासशील र नेपालजस्ता जोखिममा रहेका मुलुकका लागि जलवायु कोषको पहुँचलाई अझ सरल बनाउने विषयलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

"विश्वव्यापी अनुकूलन लक्ष्यका सूचक तय गर्दा पर्वतीय क्षेत्रका मुद्दालाई समेट्ने, जलवायु वित्त, विज्ञान तथा प्रविधि, अनुकूलनलगायतका मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ", उहाँले भन्नुभयो । जलवायु परिवर्तनका कारण कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षामा देखिएका चुनौतीलाई नेपालको सन्दर्भसँग जोडेर उठाउनुपर्ने जलवायु विज्ञ डा रेग्मीको भनाइ छ ।

युथ अलाइन्स फर इन्भाइरोन्मेन्ट (वाइएइ) का कार्यकारी निर्देशक सनोत अधिकारीले नेपालले विगत एक दशकदेखि निरन्तर उठाउँदै आएको हिमालका मुद्दालाई संस्थागत रूपमा अघि बढाउन थप पहल गर्नुपर्नेमा जोड दिनुभयो । "पर्वतीय देशले जलवायु परिवर्तनका कारण भोगिरहेका हानि-नोक्सानीका विषयलाई जलवायु वार्तामा थप प्रभावकारी रूपमा स्थापित गर्न आवश्यक छ", उहाँले भन्नुभयो।

जलवायु वित्तसम्बन्धी विषयलाई कोप-३१ मा नेपालले प्राथमिकताका साथ उठाउनुपर्ने उहाँको भनाइ छ । कोप-२९ मा विकसित देशहरूले सन् २०३५ सम्म विकासशील देशका लागि प्रतिवर्ष कम्तीमा ३०० अर्ब अमेरिकी डलर बराबरको जलवायु वित्त परिचालन गर्ने नयाँ सामूहिक परिमाणात्मक लक्ष्य तय गरेका थिए । उक्त लक्ष्य कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत परिचालन र कार्यान्वयनको स्पष्ट ढाँचा तय गर्न नेपाललगायत विकासशील देशले निरन्तर दबाब दिनुपर्ने आवश्यकता रहेको कार्यकारी निर्देशक अधिकारीको भनाइ छ ।

### 'जलवायुजन्य क्षतिको लेखाजोखा गर्ने काम भएको छ'

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले पछिल्ला छ वर्षमा नेपालले भोग्नुपरेका जलवायुजन्य विपद्का घटनाका बारेमा अन्तर्राष्ट्रिय मञ्च र निकायलाई जानकारी गराउने काम भएको बताउनुभयो ।

"त्यस्ता घटनाको अध्ययन र लेखाजोखा गर्ने काम भएको छ । एलनिनोले समुद्रमा पारेको असर र त्यसबाट हिमाली क्षेत्रका साथै तल्लो तटीय क्षेत्रमा परेको क्षति बारेमा छलफल अघि बढाएका छौँ", उहाँले भन्नुभयो, "जलवायुका असरले हाम्रा पूर्वाधार र कृषि जमिनमा भएको आर्थिक भारका बारेमा अन्तर्राष्ट्रिय निकायसँग निरन्तर छलफल गरेका छौं, यसमा नेपालले प्रतिस्पर्धा भन्दा पनि जलवायु न्यायका हिसाबले क्षति पाउनुपर्ने हाम्रो माग छ ।"

### यस्तो छ नेपालको तयारी

कोप-३१ मा नेपालको जलवायु परिवर्तनसम्बन्धी धारणा, प्राथमिकता र विगतमा खेलेको भूमिकालाई थप प्रभावकारी रूपमा अन्तर्राष्ट्रियस्तरमा प्रस्तुत गर्ने गरी तयारी भइरहेको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ ।

कोप-३१ का लागि नेपालको 'कन्ट्री पोजिसन पेपर' तयार गर्ने क्रममा जलवायु परिवर्तनका क्षेत्रमा नेपालका प्राथमिकता, धारणा र मुद्दालाई समेटिने मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा महेश्वर ढकालले जानकारी दिनुभयो । परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका साथै सरकारका प्राथमिकताअनुसार जलवायु परिवर्तन नीति, २०७६ (२०१९) लाई संशोधन गर्ने तयारी भइरहेको मन्त्रालयको भनाइ छ ।

त्यसैगरी, 'स्थानीय अनुकूलन कार्ययोजना फ्रेमवर्क' तयार गर्ने तथा कार्बन व्यापारका लागि कोरियाली सरकारसँग समझदारीपत्रमा हस्ताक्षर गर्ने तयारी पनि भइरहेको छ। कोप-३१ अघि नै उक्त समझदारीपत्रमा हस्ताक्षर गर्ने सरकारको तयारी छ ।

"सबै पक्षलाई समेटेर नेपालको धारणा प्रभावकारी रूपमा प्रस्तुत गर्न सानो तर चुस्त प्रतिनिधिमण्डल बनाउने तयारी गरिएको छ", सहसचिव डा ढकालले भन्नुभयो, "कोप-३१ मा वार्ताका लागि सहभागी हुने सरकारी अधिकारीको वार्ता तथा नेगोसिएसन सीप अभिवृद्धि गर्न तालिमसमेत सञ्चालन गरिनेछ ।"

कोप-३१ अघि राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गरी विभिन्न सरोकारवाला पक्षका विचार, सुझाव र धारणालाई समेटेर नेपालको तयारीलाई थप बलियो बनाउने योजना रहेको उहाँले बताउनुभयो। सम्मेलनको तयारीका लागि सुझाव लिन अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
पारिवारिक सहयोगले आत्मविश्वास बढाउनेछ। स्वास्थ्यमा सामान्य थकान देखिन सक्छ।

**वृष**
सामाजिक प्रतिष्ठा बढ्नेछ। खर्चमा नियन्त्रण गर्न सके लाभ हुनेछ। विद्यार्थीका लागि दिन उत्साहजनक रहनेछ।

**मिथुन**
साथीभाइसँगको सहकार्य फलदायी हुनेछ। छोटो यात्राको सम्भावना छ। बोलीमा संयम अपनाउनु राम्रो हुनेछ।

**कर्कट**
पारिवारिक वातावरण सुखद रहनेछ। धार्मिक तथा सामाजिक कार्यमा सहभागिता बढ्नेछ।

**सिंह**
सरकारी तथा प्रशासनिक काममा सफलता मिल्ने सम्भावना छ। अनावश्यक विवादबाट टाढा र हनु बुद्धिमानी हुनेछ।

**कन्या**
व्यवसायमा लाभ हुने संकेत छ। पुराना साथीहरूसँग भेटघाट हुन सक्छ। अध्ययन-अध्यापनमा प्रगति हुनेछ।

**तुला**
साझेदारीका काममा सफलता मिल्नेछ। वैवाहिक जीवन सुखद रहनेछ। अनावश्यक खर्च बढ्न सक्ने

**वृश्चिक**
मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ। नयाँ व्यक्तिसँग परिचय लाभदायक बन्न सक्छ।

**धनु**
आत्मिक शान्ति र उत्साह बढ्नेछ। धार्मिक तथा आध्यात्मिक कार्यमा रूचि बढ्नेछ।

**मकर**
कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुनेछ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्। घरपरिवारमा खुसीको वातावरण रहनेछ।

**कुम्भ**
नयाँ ज्ञान र सीप हासिल गर्ने अवसर प्राप्त हुनेछ। साथीभाइसँगको सम्बन्ध थप प्रगाढ बन्नेछ।

**मीन**
लगानीका विषयमा सोचविचार गरेर निर्णय लिनु उचित हुनेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ।

# कोप-३१ : कार्बन उत्सर्जन .......

विकास केन्द्र (इसिमोड) सँगको सहकार्यमा गण्डकी र बागमती प्रदेशका स्थानीय तहका प्रमुख तथा उपप्रमुखको राष्ट्रियस्तरको भेलासमेत आयोजना गरिनेछ ।

**हिमालका मुद्दा सधैँ प्राथमिकतामा**

डेनमार्कको कोपनहेगनमा सम्पन्न कोप–१५ देखि नै अन्तर्राष्ट्रिय मञ्चमा हिमालका मुद्दा प्राथमिकताका साथ उठाउँदै आएको नेपालले कोप–३१ मा पनि सोही मुद्दा प्राथमिकताका साथ उठाउने तयारी गरेको छ । पर्वतीय मुद्दालाई प्राथमिकताका साथ अन्तर्राष्ट्रिय जलवायु वार्तामा उठाइने सहसचिव डा ढकालले बताउनुभयो। यससँगै पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता विकासका विषयलाई नेपालले प्राथमिकताका साथ प्रस्तुत गर्नेछ ।

“नेपालले जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेका समुदायका लागि आवश्यक जलवायु वित्त पर्याप्त नभएको भन्दै अन्तर्राष्ट्रिय जलवायु कोषबाट थप स्रोत परिचालनका लागि पहल गर्ने तयारी गरेको छ”, डा ढकालले भन्नुभयो, “त्यसैगरी जलवायु परिवर्तनसँग जुध्न आवश्यक नयाँ तथा उन्नत प्रविधिको पहुँच र हस्तान्तरणलाई प्राथमिकतामा राखिने छ ।”

कम कार्बन उत्सर्जनमा योगदान गर्दै आएको तर जलवायु परिवर्तनको उच्च जोखिममा रहेको नेपालले स्थानीय समुदायको जलवायु अनुकूलन क्षमता अभिवृद्धिको विषयलाई प्राथमिकतामा राखिएको छ । त्यस्तै जलवायु अनुकूलन, जलवायुजन्य हानि नोक्सानी, हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण, जलवायु वित्त, प्रविधि हस्तान्तरण तथा क्षमता विकास नेपालका प्राथमिकताका विषय हुन्।

**कोप सम्मेलन के हो**

कोप भनेको सन् १९९२ मा अङ्गीकार गरिएको युनएफसिसिसीको सर्वोच्च निर्णय गर्ने निकाय अर्थात् पक्ष राष्ट्रहरूको सम्मेलन हो । महासन्धिका पक्ष राष्ट्र रहेका सबै देश कोपमा प्रतिनिधित्व गर्छन् । आफ्ना वार्षिक अधिवेशनमा पक्ष राष्ट्रले महासन्धिको कार्यान्वयनको समीक्षा गर्छन् । सम्बन्धित कानुनी साधनको कार्यान्वयनको मूल्याङ्कन गर्छन्, विश्वव्यापी प्रगतिको समीक्षा गर्छन् र जलवायु परिवर्तनप्रति प्रभावकारी तथा समन्वित प्रतिक्रिया प्रवर्द्धन गर्न आवश्यक निर्णय गर्छन्।

कोप विश्वव्यापी जलवायु शासनका लागि विश्वकै प्रमुख बहुपक्षीय मञ्च हो। यसमा जलवायु लक्ष्यबारे वार्ता हुन्छ, प्रतिबद्धतालाई थप सुदृढ बनाइन्छ र सामूहिक कार्यलाई अगाडि बढाइन्छ ।

कोपको प्रमुख कार्यमध्ये एक पक्ष राष्ट्रहरूले प्रस्तुत गर्ने राष्ट्रिय सञ्चार प्रतिवेदन तथा हरितगृह ग्यासको सूचीको समीक्षा गर्नु हो। यस सूचनाका आधारमा सदस्य मुलुकले अपनाएका उपायको प्रभाव, महासन्धिको अन्तिम उद्देश्यमा भएको प्रगति, जलवायु महत्वाकाङ्क्षा र कार्यान्वयनलाई थप सुदृढ गर्नुपर्ने आवश्यकताको मूल्याङ्कन गर्छ । यस संरचित समीक्षा प्रक्रियामार्फत कोपले राष्ट्रबीच पारदर्शिता, जवाफदेहिता र सहकार्य सुनिश्चित गर्छ । वर्षौंदेखि कोपका अधिवेशनले विश्वव्यापी जलवायु कार्यमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छन्। जसमा क्योटो प्रोटोकल र पेरिस सम्झौता प्रमुख छन् । यस्तै, अन्तर्राष्ट्रिय जलवायु नीतिको दिशालाई आकार दिएका छन् ।

**कोप–३१ यसकारण महत्वपूर्ण छ**

विगतका कोपहरु विशेषगरी ब्राजिलको बेलेममा सम्पन्न कोप–३० ले तयार पारेका आधारमा टेकेर कोप–३१ ले संवादलाई अगाडि बढाउने, सहमति सुदृढ गर्ने र कार्यान्वयनलाई तीव्रता दिने लक्ष्य राखेको छ । आयोजक देशका रूपमा टर्किएले विश्वभरका पक्ष राष्ट्र तथा सरोकारवालासँग सहकार्य गर्दै विश्वव्यापी जलवायु एजेन्डामा रचनात्मक योगदान पुर्‍याउनेछ । टर्किएले कोप–३१ आयोजना गर्नुको कारण देशको भौगोलिक अवस्थिति पनि हो । यसले युरोप, एसिया र मध्यपूर्वबीचको जलवायु कूटनीतिक सम्बन्धलाई जोड्छ । साथै नवीकरणीय ऊर्जा तथा परिपत्र अर्थतन्त्र प्रतिको टर्किएको बढ्दो प्रतिबद्धतालाई पनि यसको आयोजनासँग जोडिएको छ । जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई प्रभावकारी रूपमा सम्बोधन गर्न विगतका उपलब्धिलाई निरन्तरता दिँदै भविष्यका थप महत्वाकाङ्क्षी प्रयासका लागि मार्ग प्रशस्त गर्ने उद्देश्यले टर्किए सरकारले यो सम्मेलन आयोजना गर्न लागेको स्पष्ट पारेको छ । रासस

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पर्‍यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुर्‍याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**घिरिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पोखरीछाप, तनहुँ । गण्डकी प्रदेश

# नगरेको गल्तीको सजाय .......

मुस्ताङको प्रसिद्ध स्याउ खेतीमा तापक्रम परिवर्तनले खेतीयोग्य क्षेत्र र उत्पादन प्रणाली परिवर्तन गर्ने सम्भावना बढाएको छ । जिल्लाकै पहिचानको रूपमा रहेको स्याउको उत्पादन पनि विस्तारै घट्न थालेको छ । जिल्लाको तल्लो भेगमा उत्पादन कम हुँदै उपल्लो भेगतिर राम्रो उत्पादन हुन थालेको देखिन्छ । यसरी उत्पादन सर्दै जाँदा केही वर्षमा जिल्लामा स्याउन नै नपाउने अवस्था आउनसक्ने जोखिम बढेको छ। केही स्थानमा बढ्दो तापक्रमले नयाँ तरकारी तथा फलफूल खेतीका अवसरसमेत सिर्जना गरेको देखिन्छ ।

तापक्रम बढेसँगै केही नयाँ कीरा, झिँगा तथा वनस्पति रोगको समस्या देखिएको अध्ययनमा उल्लेख छ। यसले कृषि उत्पादनको लागत र जोखिम बढाउन थालेको छ । मुस्ताङको पर्यटन प्राकृतिक सौन्दर्य, हिमाल, पदमार्ग, संस्कृति र मौसममा निर्भर छ । हिमपात, पहिरो, सडक अवरोध तथा चरम मौसमले पर्यटकको आवागमन र पर्यटन पूर्वाधारमा जोखिम बढाउन सक्छ ।

**अनुकूलनका उपायको खोजी**

मुस्ताङमा जलवायु परिवर्तनसँग जुध्न जलस्रोत संरक्षण, वर्षाको पानी संकलन, साना पोखरी निर्माण, जलवायु–मैत्री कृषि, स्थानीय बीउ तथा पशु नस्ल संरक्षण, कृषि क्यालेन्डरमा परिवर्तन, कीरा नियन्त्रण, सिँचाइ प्रणाली सुधार र प्रारम्भिक चेतावनी प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ । स्थानीय समुदायले पहिले नै कृत्रिम पोखरी निर्माण, बाली लगाउने/भित्र्याउने समय परिवर्तन तथा कीरा नियन्त्रणजस्ता उपाय अपनाइरहेका छन् ।

आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढेसँगै जिल्लामा सवारी चापमा वृद्धि, फोहरमैलाको समस्या र वायु प्रदूषणको समस्या बढ्न थालेको छ । सदरमुकाम रहेको घरपझोङ गाउँपालिकाको पहलमा फोहरलाई मोहरमा परिणत गर्ने उद्देश्यले फोहरमैला संकलन केन्द्र निर्माण गरिएको छ भने फोहर उठाउन पनि विद्युतीय रिक्साको प्रयोग गरिएको छ । प्रदेश सरकारसँगको साझेदारीमा फोहरबाट कम्पोष्ट मल उत्पादन गर्ने कार्य हुँदैछ । यस्तै इसिमोड र प्राक्टिकल एक्सन नामक संस्थाको सहयोगमा पालिकामा घरभित्रको धुवँको प्रदूष्ण अन्त्य गर्न विद्युतीय चुलो, सौर्य तापीय प्रणालीजस्ता स्वच्छ ऊर्जाको प्रयोगमा जोड दिइएको छ । प्लाष्टिकलाई न्यूनीकरण गर्न कपडाको झोलाको प्रयोगलाई अनिवार्य गरिंदैछ ।

जलवायु परिवर्तनको नकारात्मक असरसँगै तापक्रम वृद्धिका कारण मौसमी तथा बेमौसमी तरकारी खेती राम्रो उत्पादन हुन थालेको छ । जिल्लालाई अर्गानिक जिल्ला घोषणामा जिल्लामै उत्पादित तरकारीले नपुग्ने हुँदा बाहिरबाट तरकारी, फलफूल लगायत अन्य खाद्यान्न ल्याउन पर्दा कठिनाई भएको छ। जिल्लामा पर्यटकहरूको आगमन बढेसँगै सवारी साधनको संख्या बढेकाले प्रदूषणको समस्या न्यून गर्न विभिन्न स्थानमा विद्युतीय चार्जिङ स्टेशन स्थापना गरिएको छ ।

**जलवायु सम्मेलनको आयोजना**

जलवायु परिवर्तनका असर, चुनौती र अनुकूलनका उपायबारे साझा धारणा बनाउने उद्देश्यले मुस्ताङको घरपझोङ गाउँपालिकाले यही भदौ ३० र ३१ गते राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गर्ने तयारी गरेको छ । सम्मेलनमा देशभरका ७५३ वटै स्थानीय तहको सहभागिता रहनेछ । सम्मेलनबाट हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनले पारेका प्रभाव, स्थानीय तहले भोगिरहेका जलवायुजन्य विपद् र समस्याको पहिचान गरी जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलनका साझा रणनीति बनाउने, स्थानीय तहहरूबीच अनुभव र ज्ञान आदान–प्रदान गर्ने तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यान जलवायु संकटतर्फ आकर्षित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सम्मेलनको अन्त्यमा जारी गरिने 'घरपझोङ घोषणापत्र २०८३' मार्फत जलवायु परिवर्तनका असरविरूद्ध स्थानीय तहको साझा प्रतिबद्धता प्रस्तुत गर्ने लक्ष्य राखिएको छ । गत वर्ष भदौ ३० र ३१ गते तय गरिएको यस किसिमको सम्मेलन भदौ २३ र २४ को जेन्जी आन्दोलनका कारण स्थगित भएकामा यस वर्ष आयोजना गरिएको हो । जलवायु परिवर्तनका कारण यहाँ हिमपातको स्वरूपमा परिवर्तन, पानीका मुहान सुक्ने, चरन क्षेत्र घट्ने, हिमपहिरो, बाढी–पहिरो तथा नदी कटानजस्ता समस्याबाट बढी प्रभावित मुस्ताङको कालीगण्डकी नदी किनार, मुक्तिनाथ क्षेत्र र नीलगिरि हिमालको पृष्ठभूमिमा सम्मेलन आयोजना गर्दा सहभागीहरूले हिमाली क्षेत्रका समस्याको प्रत्यक्ष अनुभूति गर्नसक्ने र समाधानका विभिन्न उपायहरूका बारेमा पनि व्यापक छलफल गर्नसक्ने अवसर हुन सक्दछ ।

यस जलवायु सम्मेलन मुस्ताङको मात्र समस्या उठाउने कार्यक्रम नभई हिमालदेखि तराईसम्मका स्थानीय तहलाई एउटै मञ्चमा ल्याएर जलवायु न्याय र सामूहिक समाधान खोज्ने राष्ट्रिय पहलका रूपमा महत्वपूर्ण अवसरको रूपमा हेरिएको छ । स्थानीय जनताले नगरेको गल्तीको सजाय कसरी पाइरहेका छन् भन्ने अनुभूति पनि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा गराउन सम्मेलन उपयोगी हुनसक्छ । (प्रस्तुत विचार घरपझोङ गाउँपालिकाका अध्यक्ष लालचनसँग गरिएको कुराकानीमा आधारित)

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
**आदिकवि भानुभक्त क्याम्पस**
व्यास–१, विज्ञानचौर, दमौली, तनहुँ
**विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (२०८०)**

**खुला पुस्तक समीक्षा कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०५/०९)**

आदिकवि भानुभक्त क्याम्पसको ४०औं वार्षिकोत्सवको एवं **राष्ट्रिय पुस्तकालय दिवस–२०८३** को अवसरमा यस क्याम्पस र एकदेव आले पुस्तकालय एवं चिन्तन प्रतिष्ठान, दमौली, तनहुँको संयुक्त आयोजनामा मिति २०८३ भाद्र १५ गते हुने **खुला पुस्तक समीक्षा कार्यक्रम**मा पुस्तक समीक्षकका रूपमा सहभागी भई आफ्नो विश्लेषणात्मक प्रस्तुति दिन इच्छुक समुदाय/क्याम्पसमा अध्ययनरत प्राध्यापक, विद्यार्थी तथा अनुसन्धानकर्ताहरूले क्याम्पस प्रशासनमा नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

**क) समीक्षा तयार गर्दा ध्यान दिनुपर्ने मुख्य बुँदाहरु :**
- **१) प्रारम्भिक परिचय :** पुस्तकको नाम, लेखक, प्रकाशक, मूल्य र विधा स्पष्ट खुलाउने ।
- **२) सार संक्षेप र तटस्थता:** पुस्तकको मूल विषयवस्तु पूर्वाग्रहमुक्त भई वस्तुनिष्ठ मूल्याङ्कन गर्ने।
- **३) सबल र दुर्बल पक्षको विश्लेषण :** लेखकको भाषा, शैली, पात्र विधान, विचार वा तर्कको विश्लेषण गर्दै पुस्तकका सबल र सुधारयोग्य दुबै पक्षलाई प्रमाणसहित सन्तुलित रूपमा प्रस्तुत गर्ने।
- **४) निष्कर्ष र सिफारिस:** पुस्तकको समग्र महत्व र लक्षित पाठक वर्गबारे स्पष्ट निष्कर्ष र सिफारिस दिने

**(ख) समीक्षाको ढाँचा तथा समय सीमा :**
- **१) लम्बाइ :** लिखित समीक्षा २ देखि ३ पृष्ठमा लगभग १ देखि २ हजार शब्दको हुनुपर्नेछ ।
- **२) प्रस्तुतीकरण समय :** कार्यक्रमका दिन मौखिक प्रस्तुतिका लागि प्रत्येक समीक्षकलाई अधिकतम ८ देखि १० मिनेटको समय उपलब्ध गराइनेछ ।

**(ग) नाम दर्ता सम्बन्धी विवरण :**
- **१) दर्ता गर्ने अन्तिम मिति :** २०८३ भदौ १० गते अपरान्ह ४:०० बजेसम्म ।
- **२) दर्ता गर्ने स्थान :** क्याम्पस प्रशासन ।
- **३) आवश्यक विवरण :** नाम, अध्ययनरत तह/विभाग, सम्पर्क नम्बर र समीक्षा गरिने पुस्तकको नाम तथा लेखकको विवरण दर्ता गराउनुपर्नेछ ।

(घ) समीक्षा प्रस्तुत गर्ने सहभागीहरूलाई क्याम्पसको तर्फबाट प्रशंसापत्र एवं पारिश्रमिकको व्यवस्था गरिएको छ ।

**थप जानकारीका लागि प्रशासन शाखा ०६५५९००९६ मा सम्पर्क गर्नुहोला ।**

**क्याम्पस प्रमुख**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**भदौ १३ गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
**वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ**
(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरु:**

**१. छाला सम्बन्धी रोगहरु:**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

**२. यौनरोग सम्बन्धी समस्याहरु (Male/Female):**
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

**३. कुष्ठ (Leprosy) रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

**४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):**
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# बन्दीपुरमा कृषि हाट बजार : उत्कृष्ट किसान सम्मानसंगै भाग्यशाली ग्राहकलाई पुरस्कार

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा स्थानीय कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले कृषि हाट बजार सञ्चालन गरिने भएको छ। बन्दीपुर गाउँपालिकाको आयोजनामा सञ्चालन हुन लागेको कृषि हाट बजारको आगामी भदौ १४ गते बिहान ११ बजे बन्दीपुर गाउँपालिका–२ स्थित बसपार्कमा शुभारम्भ गरिने भएको छ ।




स्थानीय किसानले उत्पादन गरेका ताजा तरकारी, फलफूल, कृषि तथा पशुजन्य उत्पादन, हस्तकलाका सामग्रीलगायत स्थानीय उत्पादनलाई एउटै स्थानबाट खरिद–बिक्री गर्ने वातावरण निर्माण गर्ने उद्देश्यले हाट बजार सञ्चालन गर्न लागिएको गाउँपालिकाले जनाएको छ। स्थानीय उत्पादनलाई बजारसँग जोड्दै किसानलाई उत्पादनको उचित मूल्य दिलाउने र उपभोक्तालाई सहज रूपमा गुणस्तरीय स्थानीय उत्पादन उपलब्ध गराउने हाट बजारको मुख्य लक्ष्य रहेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र बहादुर थापाले जानकारी गराए ।

उनले भने, 'कृषि हाट बजार सञ्चालनसँगै बन्दीपुरको कृषि क्षेत्र र स्थानीय अर्थतन्त्रलाई थप चलायमान बनाउने अपेक्षा गरिएको छ । पर्यटकीय क्षेत्रमा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई स्थानीय उत्पादनसँग प्रत्यक्ष जोड्ने अवसरसमेत हाट बजारले सिर्जना गर्ने हाम्रो विश्वास छ ।'

उद्घाटन कार्यक्रमको विशेष आकर्षणका रूपमा कृषि क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका किसानलाई सम्मान तथा पुरस्कार प्रदान गरिने भएको छ । विभिन्न विधामा उत्कृष्ट किसान, कृषक समूह, कृषि सहकारी तथा नवप्रवर्तनशील कृषि अभ्याससमार्फत योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान गर्ने तयारी गरिएको छ ।

त्यसैगरी, हाट बजारको उद्घाटनमा सहभागी हुने उपभोक्तालाई प्रोत्साहन गर्न विशेष पुरस्कारको समेत व्यवस्था गरिएको छ । कार्यक्रममा सहभागी ग्राहकहरूमध्ये १० जना भाग्यशाली ग्राहकलाई विशेष पुरस्कार प्रदान गरिने गाउँपालिकाले जनाएको छ।

स्थानीय उत्पादनको प्रवर्द्धन, किसानलाई उचित बजारको सुनिश्चितता तथा उपभोक्तालाई गुणस्तरीय वस्तु सहज रूपमा उपलब्ध गराउने उद्देश्यसहित सुरु हुन लागेको कृषि हाट बजारलाई बन्दीपुरको कृषि तथा स्थानीय अर्थतन्त्र सुदृढ गर्ने महत्वपूर्ण पहलका रूपमा लिइएको छ ।

गाउँपालिकाले कृषि हाट बजारको उद्घाटन कार्यक्रममा किसान, कृषक समूह, कृषि सहकारी, व्यवसायी, स्थानीय उपभोक्ता तथा सम्पूर्ण सरोकारवालालाई उपस्थितिका लागि आग्रह गरेको छ ।

'स्थानीय उत्पादनलाई प्रोत्साहन गरौँ, किसानलाई सम्मान गरौँ र बन्दीपुरको कृषि तथा स्थानीय अर्थतन्त्रलाई अझ सशक्त बनाऔँ' भन्ने मूल भावनासहित सञ्चालनमा आउन लागेको हाट बजारले स्थानीय उत्पादनको उपभोग र बजारीकरणलाई नयाँ गति दिने अपेक्षा गरिएको छ ।

# रसुवा बाढी : तनहुँमा ९ .....

जिल्ला विपद् व्यवस्थापन समिति तथा तीनवटै सुरक्षा निकायले आ–आफ्नो क्षेत्रबाट सुरक्षा सतर्कता अपनाएका थिए । सम्भावित दुर्घटनालाई मध्यनजर गर्दै पृथ्वी राजमार्गबाट मुग्लिनतर्फ जाने सम्पूर्ण यातायातमा समेत रोक लगाइएको प्रमुख जिल्ला अधिकारी तिवारीले बताए ।

नदीमा बाढीको बहाव बढेसँगै त्रिशूली, मर्स्याङ्दी तथा नारायणी नदी आसपासका बस्तीमा समेत उच्च सतर्कता अपनाइएको छ । नदी किनारमा बसोबास गर्ने सर्वसाधारणलाई सुरक्षित स्थानमा रहन तथा नदीमा नजान प्रशासनले आग्रह गरेको छ ।

बाढीका कारण विभिन्न स्थानबाट मानवीय क्षतिको विवरण आउने क्रम जारी रहेकाले फेला परेका शवको पहिचान तथा घटनाको थप विवरण संकलन गर्ने काम भइरहेको प्रहरीले जनाएको छ । सुरक्षा निकायले नदी किनार तथा सम्भावित जोखिमयुक्त क्षेत्रमा खोज तथा उद्धारलाई प्राथमिकता दिएको छ

यस्तै, रसुवास्थित भोटेकोशी नदीमा बुधबार बिहान आएको भीषण बाढीमा परी ९५ जनाको शव फेला परेको नेपाल प्रहरीले जनाएको छ । प्रहरीका अनुसार फेला परेकामध्ये २७ महिला, ३७ पुरूष, ६ बालिका, ५ बालक र पहिचान नखुलेका २० जना छन्। बाढीमा घाइते ६३ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ भने २८ जना प्रहरी सम्पर्कविहीन छन् ।

जसमध्ये रसुवामा १ जनाको पुरूषको शव फेला परेको छ । नुवाकोटमा ५ जना महिला र ६ जना पुरूष गरी ११ जनाको शव फेला परेको छ । धादिङमा ११ महिला, ५ पुरूष, २ (पहिचान नखुलेको) गरी १८ जनाको शव फेला परेको प्रहरीले जनाएको छ।

गोरखामा एक महिला, ४ पुरूष र एक बालक र १० जना (पहिचान नखुलेको)को शव फेला परेको छ । चितवनमा १० महिला, १० पुरूष, २ बालिका, ३ बालक र ८ जना (पहिचान नखुलेका)को शव भेटिएको छ ।

प्रहरीका अनुसार तनहुँमा ३ जना पुरूष, १ जना बालिका र १ जना बालकको शव फेला परेको छ भने नवलपरासीपूर्वमा ८ जना पुरूष र ३ जना बालिकाको शव फेला परेको छ ।

**६३ जना उपचाररत**

नेपाल प्रहरीका अनुसार बाढीमा परी घाइते भएका ६३ जनाको उद्धार गरी हाल विभिन्न अस्पतालमा उपचार भइरहेको छ। जसमा महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा २१ जना, राष्ट्रिय ट्रमा सेन्टरमा ७ जना, वीरेन्द्र सैनिक छाउनी अस्पतालमा १ जना, रसुवा अस्पतालमा २१ जना र त्रिशूली अस्पतालमा १६ जना, नर्भिक अस्पतालमा ३, ग्रीनसिटी अस्पतालमा १ जनाको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीका अनुसार टिमुरेबाट १०, रसुवागढीबाट ८, स्याफ्रुबेँसीबाट ३, मैलुङबाट ५, वेत्रावतीबाट एक जना र हाकुबाट एक जना गरी २८ जना प्रहरी सम्पर्कबिहीन छन् ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौः मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## facebook twitter



**Rajjit**
x.com/RajjitC

बाढीको पानीले घर मात्र डुबाउँदैन,
कहिलेकाहीँ मान्छेका वर्षौंका सपना पनि डुबाएर लैजान्छ ।
कसैले घरको छानो गुमाउँछ,
कसैले अन्न, धन-सम्पत्ति...
तर सबैभन्दा ठूलो पीडा त त्यो हुन्छ,
जब आफ्नै आँखा अघि आफ्नो संसार बगिरहेको हुन्छ
र बचाउनका लागि हातमा केही हुँदैन।
बाढी थामिए पछि पानी त घट्छ,
तर पीडाको भेल कहाँ यति सजिलै घट्छ र ?

आँगनमा जमेको हिलो पखाल्न सकिएला,
भत्किएको घर फेरि बनाउन सकिएला,
तर बाढीले मनमा बनाएको डर,
आफन्त गुमाएको खालीपन
र आँखामा जमेको आँसु
समयले पनि सजिलै मेटाउन सक्दैन।

आज कसैको घरमा चुलो बलेको छैन भने,
कसैको शरीरमा कपडा छैन भने,
कसैको आँखामा आफ्ना प्रियजनको खोजी छ भने,
त्यहाँ हाम्रो एउटा सानो सहयोग पनि
ठूलो आशा बन्न सक्छ।
बाढीले धेरै कुरा बगाएर लग्यो होला,
तर हाम्रो मानवता बग्न नदिऔँ ।



**Binod Neupane**
x.com/Neupane1Binod

नभुक्किनु होला, नेपालमा 'भोटेकोशी' नामका दुईवटा नदी छन् । एउटा 'भोटेकोशी' नदी सिन्धुपाल्चोकमा र अर्को रसुवामा। सिन्धुपाल्चोकको 'भोटेकोशी' नदीको स्रोत चीनको स्वशासित क्षेत्र तिब्बतको 'फाङफाङ्बु' हिमनदी हो। तिब्बतमा यसलाई 'पोइकु' भनिन्छ र नेपाल प्रवेश गरेसँगै 'भोटेकोशी' नामले चिनिन्छ। यो नदी सिन्धुपाल्चोकको 'सुनकोशी' नदीमा मिसिन्छ र 'सप्तकोशी' नदी प्रणालीको हिस्सा बन्न पुग्छ ।
अर्को रसुवाको 'भोटेकोशी' नदी तिब्बतबाट आउने 'केरूङ खोला' र 'ल्हेन्दे खोला' रसुवागढी क्षेत्रमा मिलेपछि नेपालमा 'भोटेकोशी' नामले चिनिन्छ। यो नदी पछि 'त्रिशूली' नदीमा मिसिन्छ र 'सप्तगण्डकी (नारायणी)' नदी प्रणाली हुँदै अघि बढ्छ। आज आएको बाढी रसुवाको 'भोटेकोशी'मा हो ।'

# पत्रकार महासंघ तनहुँले दुई पुरस्कार वितरण गर्ने

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाल पत्रकार महासंघ तनहुँले शाखामा स्थापित दुई पत्रकारिता पुरस्कारका लागि व्यक्ति छनोट गरेको छ । शाखाका अध्यक्ष धनपति अधिकारीको अध्यक्षतामा बुधबार सम्पन्न कार्यसमिति बैठकले दमौली निवासी भाग्यशाली ढुङ्गानाद्वारा स्थापित टीकानीधि ढुङ्गाना स्मृति व्यास पराशर पत्रकारिता पुरस्कारबाट शाखाका संस्थापक अध्यक्ष अग्रज पत्रकार विश्वबन्धु भण्डारी र पूर्व सांसद कृष्णकुमार श्रेष्ठद्वारा स्थापित भोर्लेली केबलबहादुर स्मृति पत्रकारिता पुरस्कार पूर्व उपाध्यक्ष शङ्करराज नहर्कीलाई प्रदान गर्ने निर्णय गरेको हो ।

उक्त पुरस्कार उपयुक्त समय पारेर विशेष कार्यक्रमका बीच प्रदान गरिने शाखाका सचिव कृष्ण न्यौपानेले जानकारी दिए ।

बैठकले हरितालिका तीजको अवसरमा आगामी भदौ २७ गते शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ । त्यसका लागि उपाध्यक्ष सम्झना रसाइलीको संयोजकत्वमा समिति गठन गरिएको छ ।

यस्तै बैठकले भदौ १५ गतेभित्र सदस्यता नवीकरणका लागि सम्पूर्ण सदस्यहरूलाई आग्रह गर्ने निर्णय गरेको छ। बैठकले शाखाको भवन मर्मतका लागि गण्डकी प्रदेश सरकारमार्फत् रू दश लाख सहयोग भएकामा एकीकृत सेवा कार्यालय तनहुँमार्फत् समयमै गुणस्तरीय काम सम्पन्न गरेकामा कार्यालय र एन्जल कन्स्ट्रक्सनका प्रोपाइटर केदार अधिकारीलाई धन्यवाद दिने निर्णय गरेको छ ।

यस्तै चालु आर्थिक वर्षमा शाखामा इलाइब्रेरी स्थापनाका लागि गण्डकी प्रदेश सरकार प्रेस रजिष्टार कार्यालयबाट रू दश लाख र अतिथिगृह लगायत व्यवस्थापनका लागि व्यास नगरपालिकाबाट रू पाँच लाख सहयोग भएकामा प्रदेश सरकार र व्यास नगरपालिकालाई धन्यवाद ज्ञापन गर्ने निर्णय बैठकले गरेको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४